नगर उप-प्रमुख श्रीमती सुशिला गिरी ज्यूले

नगरसभामा पेश गर्नुभएको

# आर्थिक वर्ष २०७८/७९ को

# वजेट वक्तव्य

गुलरिया नगरपालिका

गुलरिया, वर्दिया

नेपाल

२०७८ साल असार १० गते विहिवार

## आदरणीय सभाअध्यक्ष ज्यू,

१. सन २०२१ को सुरुवातीसँगै पुनः महामारीको रुपमा फैलिएको कोभिड १९ कोरोना भाईरस को दोस्रो भेरियन्टवाट गुलरिया नगरपालिका समेत अक्षुतो रहन नसकेको वर्तमान सन्दर्भमा यसलाई परास्त गर्दै गुलरिया नगरपालिका क्षेत्रमा हुने आर्थिक क्रियाक्लापलाई गतिशिल वनाउने विश्वासका साथ म आर्थिक वर्ष २०७८।७९ को आय व्याय विवरण (वजेट) गुलरिया नगरपालिकाको छैठौं नगरसभामा सार्वजनिक गर्न उपस्थित छु ।

२. सर्वप्रथम म देश र जनताको निमित्त जीवन अर्पण गर्ने सवै ज्ञात अज्ञात सहिदहरुप्रति श्रद्धासुमन अर्पण गर्दै सम्पुर्ण सहिदका परिवार, बेपत्ता नागरिक तथा घाईते योद्धाहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

३. कोभिड १९ को प्रकोपवाट मृत्युवरण गर्नुभएका गुलरियावासी प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्न चाहान्छु । त्यसैगरी हाल उपचार गराईरहनु भएका गुलरियावासी आमा-वुवा, दाजु-भाई, दिदि-वहिनीहरुको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

४. प्राकृतिक विपत्ति सामान्यतया पुर्वअनुमान गर्न सकिने विषय नै होइन तसर्थ यस नगरपालिकाले पनि कोभिड १९ को दोस्रो लहरलाई गम्भीरतापुर्वक लिन नसक्नु सामान्य नै हो । यद्यपि समयमा पुर्वानुमान गर्न नसक्दा केही असहज परिस्थितको सामाना हामिले गर्नुपर्‍यो ।

५. अचानक नगरप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, तथा अन्य कर्मचारीहरु एकैपटक यसवाट प्रभावित भएपछि हामीले कार्यपालिकाबाट समिक्षा गरी तुरुन्त कार्यान्वयनमा जाने अवधारणा सहित अघि वढ्यौं । यस क्रममा हामीले जनप्रतिनिधि र कर्मचारीहरुको दुई वटा टास्क फोर्स टिम मार्फत ६५ भन्दा वढी वेड क्षमताको पुर्व आईसोलेसन, २५ वेड क्षमताको अक्सिजन सहितको आईसोलेसन निर्माण गरी तत्काल स्वास्थ्यकर्मीको स्पेशल टिम परिचालन गरी गुलरियावासीको उपचारमा सक्रिय भयौं ।

त्यसैगरी हप्ताको ३ दिन पि.सि.आर/एन्टिजेन परिक्षण कार्यलाई प्रभावकारी रुपमा अगाडी वढायौं । “उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै उत्तम हुन्छ” भन्ने अवधारणालाई आत्मसात गर्दै आईसोलेसन र अस्पतालमा आउने विरामीको संख्या कम गरी मृत्युदर समेत घटाउन हामिले प्रत्येक वडामा

कोभिड फोकल पर्सन तोकी दैनिक गाउँ-गाउँ, टोल-टोलमा स्वास्थ्यकर्मीको उपस्थिति गराई गुलरिया नगरपालिका, गुलरियावासीको साथसाथमा छ भन्ने विषयलाई महत्व दियौं ।

६. सुरुवाती चरणमा उपचार, अक्सिजन, आई.सि.यु, एच.डि.यु जस्ता विषयले प्रधानता पाएता पनि केही समयको अन्तराल पश्चात नागरिकहरुको मृत्युहुने दर वढ्दै गयो । यसका लागी गुलरिया नगरपालिकाले तत्काल भाडामा शववहानको व्यवस्था गर्दै जिल्ला प्रशासन कार्यालयको समन्वय र नेपाल सेनाको सहयोगमा शव व्यवस्थापन कार्य समेत सम्पन्न गरियो ।

७. कोभिड १९ को दोस्रो लहरलाई परास्त गर्न निरन्तर विरामीको उपचार, शव व्यवस्थापन तथा अन्य समग्र व्यवस्थापनमा खटिनु हुने गुलरिया नगरपालिकाको टास्कफोर्स टिमहरु, स्वास्थ्यकर्मीहरु, जिल्ला अस्पताल, जिल्ला प्रशासन कार्यालय, भैरव प्रसाद गण तथा अन्य जनप्रतिनिधि र कर्मचारीहरुलाई मेरो व्यक्तिगत तथा गुलरिया नगरपालिकाको तर्फवाट विशेष धन्यवाद दिन चाहन्छु ।

**आदरणीय सभाअध्यक्ष ज्यू,**

**अव म चालु आ.व २०७७।७८ को वजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्थावारे जानकारी गराउन चाहान्छु ।**

८. चालु आर्थिक वर्ष २०७७।७८ मा चालु खर्च तर्फ रु ५३ करोड ३९ लाख र पुँजीगत खर्च तर्फ रु २५ करोड ८८ लाख गरी स्थानीय सञ्चित कोषवाट जम्मा रु ७९ करोड २८ लाख र कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत खर्च हुने रु १६ करोड ३५ लाख गरी कुल जम्मा ९५ करोड ६३ लाख बजेट विनियोजन भएको थियो । यद्यपि विभिन्न समयमा सशर्त अनुदानमा रकम थपघट भई हाल कुल वजेको सिमा करिव रु १ अरव ५ करोड कायम भएको छ ।

९. चालु आर्थिक वर्षको वजेट तथा कार्यक्रम कार्यान्वयनमा गुलरिया नगरपालिकाले प्रारम्भदेखी नै जोड दिएको भएतापनि कोभिड १९ को प्रभावकायमै रहेको, विभिन्न प्राविधिक कठिनाई लगायत विविध कारणवस अपेक्षित रुपमा कार्य अगाडी वढाउन सकिएन् । तथापी जेष्ठ मसान्त सम्म

कुल विनियोजित वजेटको ५० % खर्च भएको छ । यद्यपि सोही अवधिमा गत आ.व २०७६।७७ मा ४८ % खर्च भएको थियो ।

१०. गत आ.व को अन्तसम्म नगर तर्फको वजेटवाट करिव १५ कि.मि सडक कालोपत्रे, करिव ३४ कि.मि सडक ग्राभेल तथा स्तरोन्नती गरिएको छ । चालु आर्थिक वर्षको वजेट पुर्ण कार्यान्वयन पश्चात करिव ४ कि.मि सडक कालोपत्रे, करिव ९ कि.मि सडक ग्राभेल र १० कि.मि सडक मर्मत भएको हुनेछ । त्यसैगरी वडा तर्फको वजेटवाट पनि प्रयाप्त मात्रामा ग्रामीण सडक ग्राभेल तथा स्तरोन्तति भएका छन् । साथै वडा नं. १, ९ र ११ वडा कार्यालय तथा आधारभुत स्वास्थ्य केन्द्र वडा नं २ पण्डितपुर, वडा नं. ३ हस्नापुर कट्टी, वडा नं. ४ तुल्सीपुर, वडा नं. ५ बालापुर, वडा नं. ६ पुरानो गा.वि.स टोल, वडा नं. ७ चौगुर्जी, वडा नं. ८ आशापुर, वडा नं. १० रत्नापुर, वडा नं. ११ कट्टि लालपुर करिव करिव सम्पन्न भई आगामी आर्थिक वर्ष देखी आफ्नै कार्यालय मार्फत वडा तथा स्वास्थ्य तर्फको सेवा प्रवाह सुचारु भई गुलरियावासीले सर्वसुलभ र प्रभावकारी सेवा प्राप्त गर्ने विश्वास लिएकी छु ।

११. स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य निर्देशित कानुन अनुसार नगर क्षेत्रको सार्वजनिक सम्पत्तिको संरक्षणको दायित्व स्थानीय तहको नै भएको सर्वविदितै छ । गुलरिया नगरपालिकाले चालु आ.व मा वडा नं. ३ सर्जुनदी क्षेत्रमा सर्जु ताल तथा वडा नं. ४ क्षेत्रमा भगहर तालको संरक्षणमा विशेष जोड दिई कार्य अगाडी वढाएको छ । यसवाट आगामी दिनमा व्यावसायिक माछ्रापालन तथा पर्यटकीय क्षेत्रको रुपमा विकास भई गुलरिया नगरपालिकाको स्थायी आय आर्जनको माध्यम मात्र नभई सार्वजनिक जमिन समेत अतिक्रमण हुनवाट जोगिने विश्वास लिएकी छु ।

१२. कृषि व्यवसायको प्रवर्द्धनका लागि विविध अनुदानका कार्यक्रमहरुको कार्यान्वयन, वजारीकरणको लागि संकलन केन्द्र तथा प्रदर्शन स्थलको निर्माण, किसानको क्षमताको अभिवृद्धिको लागी स्थलगत तालिम, सिंचाई व्यवस्थाको लागी मोटर इञ्जन वितरण तथा विद्युतीकरण, कृषि आधुनिकिकरणमा टेवा पुऱ्याउन आधुनिक कृषि औजार वितरण तथा स्थानीय संभावनाका आधारमा पकेट विकास कार्यक्रम कार्यान्वयन गरिएका छन् ।

१३. चालु आ.व मा कोभिड लगायतको विपदसँग जुद्धन रु १ करोड विनियोजन गरिएको थियो । त्यसैगरी गुलरिया नगरपालिकाको विशेष योगदान र जिल्ला समन्वय समिति तथा अन्य सात पालिकाको समेत संयुक्त सहभागितामा वर्दिया अस्पताल परिसरमा निर्माणाधीन पि.सि.आर प्रयोगशाला भवनलाई आई.सि.यु/एच.डि.यु निर्माण कार्यमा गुलरिया नगरपालिकाको सक्रिय सहभागितामा कार्य अगाडी वढिरहेको छ । यसवाट चालु आर्थिक वर्षको अन्तवाट नै गुलरिया नगरवासी तथा सम्पुर्ण वर्दियावासीले विशेष स्वास्थ्य उपचार समेत आफ्नै जिल्लावाट प्राप्त गर्ने विश्वास लिएकी छु ।

१४. विशेष गरी कोभिड १९ को दोस्रो तथा संभावित तेस्रो लहरमा अक्सिजनको कमिका कारण आम नागरिकको ज्यान जोखिममा नपरोस भन्ने अभिप्रायले नगरपालिकाले आफ्नै पहलमा वर्दिया अस्पताल क्षेत्रमा अक्सिजन प्लान्ट लगाउने तयारी गरिरहेको सन्दर्भमा संघीय सरकारवाट नै वजेट विनियोजन भई कार्य अगाडी वढिसकेको अवस्था छ ।

१५. मजवुद घर निर्माणको लागी पिलरको ठुलो भुमिका भएझै गुणस्तरीय शिक्षाको लागी दक्ष शिक्षक, सुविधा सम्पन्न भौतिक संरचना तथा विद्यार्थीमैत्री वातावरण अनिवार्य शर्त हुन् । तसर्थ गुलरिया नगरपालिकाले आर्थिक वर्ष २०७६।७७ देखी नै आधारभुत र माध्यामिक तहमा गरी जम्मा ३१ जना दक्ष नगर शिक्षक व्यवस्थापन गर्दै गुणस्तरीय शिक्षा अभिवृद्धिको क्षेत्रमा फड्को मार्ने प्रयास गरेको छ । त्यसैगरी अधुरा विद्यालय भवन पुरा गर्न चालु आ.व मा ३४ लाख वजेट विनियोजन भई कार्यान्वयनको चरणमा छ ।

**आदरणीय सभाअध्यक्ष ज्यू**

**<u>अव म आर्थिक वर्ष २०७८।७९ को वजेटको उद्देश्य र प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।</u>**

१६. आर्थिक वर्ष २०७८।७९ को वजेटका उद्देश्य तथा प्राथमिकताहरु देहाय वमोजिम निर्धारण गरिएकाछन् :

क) कोभिड १९ को रोकथाम तथा नियन्त्रण लाई प्रभावकारी वनाउने,

ख) नगरवासीलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउने,

ग) स्थायी भौतिक पुर्वाधारको विकासमा जोड दिने,
घ) कृषि तथा पशुपंक्षी क्षेत्रको सुधार गरी उत्पादन वृद्धि गर्ने,
ङ) गुणस्तरीय शिक्षा अभिवृद्धिमा विशेष जोड दिने,
च) विकास निर्माणमा जनसहभागिता अभिवृद्धिको साथै स्थानीय रोजगारी सृजना गरी आर्य आर्जनमा ठोस योगदान पुऱ्याउने आदि

**आदरणीय सभाअध्यक्ष ज्यू,**

**अव म आर्थिक वर्ष २०७८।७९ को व्याय अनुमान पेश गर्ने अनुमति चाहान्छु ।**

१७. आगामी आर्थिक वर्षको लागी समपुरक अनुदान तर्फ संघीय सरकारवाट वडा नं. ४ तुलापुर चोक बेद वहादुर के.सीको घर हुदै जाने पक्की नाली तथा सडक कालोपत्रे कार्यकालागी रु २ करोड ८ लाख वरावरको रकम प्रतिवद्धता प्राप्त भएको छ । त्यसैगरी लुम्विनी प्रदेश सरकारवाट पनि वडा नं. १० टेलिकम टावर देखी दक्षिण सिमा प्रहरी चौकी जाने पक्की नाली तथा सडक कालोपत्रे कार्यका लागी रु २ करोड वरावरको रकम प्रतिवद्धता प्राप्त भएको छ । तसर्थ गुलरिया नगरपालिकाको तर्फवाट पनि सोही परिमाणमा रकम विनियोजन गर्नुपर्ने भएकोले त्यसका लागी रु ४ करोड ५० लाख रकम विनियोजन गरेकी छु ।

१८. विशेष अनुदान तर्फ लुम्विनी प्रदेश सरकारबाट चालु आर्थिक वर्षमा झै आगामी आ.व मा पनि मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रमका लागी रु ७० लाख रकम विनियोजन भएको छ । उक्त रकम प्रदेश सरकारवाट निर्धारण भएको कार्यविधि तथा मापदण्ड वमोजिम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१९. आगामी आ.व मा सशर्त अनुदान तर्फ संघीय सरकारवाट रु ३१ करोड ७६ लाख र प्रदेश सरकारवाट रु १ करोड १५ लाख रकम वरावरको योजना तथा कार्यक्रम प्राप्त भएको छ । नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह वीचको सम्वन्ध सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने अर्थात सहकारीतामुलक संघियतालाई स्वीकार गरेकाले संघ र प्रदेश

सरकारवाट यस नगरपालिकाको लागी तोकिएका योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा विशेष जोड दिईने छ ।

२०. चालु आ.व मा देशव्यापी लकडाउनका कारण यस नगरपालिका मार्फत सञ्चालित कतिपय सशर्त र समपुरक योजना तथा कार्यक्रमहरु सम्पन्न हुन नसक्ने देखिएकोले सो वापतको वजेट व्यवस्थाको लागी संघ र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ ।

## विषयगत शाखा

२१. स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य निर्देशित कानुनहरुले स्थानीय तहमा समष्टिगत, दिगो र फराकिलो आर्थिक तथा सामाजिक विकासको लक्ष्य प्राप्तिको लागी स्वास्थ्य, शिक्षा, कृषि, पशुपंक्षी, सहकारी, महिला तथा बालबालिका, आयुर्वेद जस्ता विषयगत शाखाहरुको व्यवस्था गरेको छ । सशर्त अनुदान मार्फत निश्चित कार्यक्रम निर्धारण हुने भएतापनि ती अप्रयाप्त नै हुने भएकोले अपेक्षित लक्ष्य प्राप्तिको लागी आगामी आ.व मा विषयगत शाखा तर्फको कार्यक्रम कार्यान्वयनको लागी रु ३ करोड ४३ लाख वजेट विनियोजन गरेकी छु ।

## शिक्षा :

२२. नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निशुल्क पाउने मौलिक हकको प्रत्याभुति गरेको छ । त्यसैगरी आधारभुत र माध्यामिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहलाई सुम्पिएको छ । उपर्युक्त व्यवस्थाको कार्यान्वयनको लागी विद्यालयले विद्यार्थीवाट कुनैपनि शुल्क उठाउन नपाउने व्यवस्था आगामी आ.वमा पनि निरन्तरता दिएकी छु । यसका लागी चालु आ.वमा झै विद्यालयको पानी विजुली महसुल वापतको रकम नगरपालिका मार्फत भुक्तानीको लागी रु १० लाख वजेट व्यवस्था गरेकी छु ।

२३. आजका बालवालिका भोलिका कर्णधार हुन भन्ने भनाईमा सायद कसैको विमति नहोला । तसर्थ यसलाई व्यवहारमा उतार्न बालविकास तहमा नै प्रयाप्त लगानी गर्नुपर्ने देखिन्छ । यसका लागी बालविकासमा कार्यरत शिक्षिकाको उत्प्रेरणा अभिवृद्धिका लागी संघिय सरकारले प्रदान गर्दै आएको तलवमानमा मासिक रु १ हजार वृद्धि गरेकी छु । साथै यो वृद्धि विद्यालय

कर्मचारी, नगर शिक्षक समेतलाई समेटेकी छु । यसका लागी बार्षिक रु २९ लाख वजेट विनियोजन गरेकी छु ।

**स्वास्थ्य :**

२४. स्वास्थ्यको क्षेत्रमा गरिने लगानी पुर्वाधारमा गरिने लगानी भन्दा कम रहेनछ भन्ने विषय सायद  कोभिडको प्रथम र दोस्रो लहरले राम्रैसँग सिकाएको हुनुपर्दछ । प्रस्तुत विषयलाई मध्यनजर गर्दै आगामी आ.वमा स्वास्थ्य क्षेत्रमा गत आ.वको तुलनामा करिव ४८ प्रतिशत वजेट वृद्धि गरी रु १ करोड ३ लाख पुर्‍याएकी छु ।

२५. जुनसुकै जटिल स्वास्थ्य परिस्थिति, रातविरात, २४ सै घण्टा आम नागरिकको नजिकमा रही सुलभ र सरल स्वास्थ्य सेवा प्रवाह गर्ने तथा कम भन्दा कम सुविधामा उच्च जोखिम वहन गर्ने जनशक्ति महिला स्वास्थ्य स्वयंम सेविका नै हुन् । तसर्थ आगामी आ.व मा महिला स्वास्थ्य स्वयंम सेविकालाई निशुल्क स्वास्थ्य जोखिम विमाको लागी रु ३ लाख ८२ हजार वजेट विनियोजन गरेकी छु । साथै गत आ.व देखी नै लागु भईरहेको महिला स्वास्थ्य स्वयंम सेविकाका लागी खाजा कार्यक्रमलाई निरन्तरता दिएको छु ।

२६. गुलरिया नगरपालिकाले शतप्रतिशत प्रसुति सेवा स्वास्थ्य संस्थावाट मात्र होस भन्ने अभिप्रायले विगत देखी नै लागु गरिरहेको सुत्केरी प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिएकी छु । यसका लागी रु ३ लाख ५० हजार रकम विनियोजन गरेकी छु ।

## कृषि तथा पशुपंक्षी

२७. कृषि तथा पशुपंक्षी क्षेत्रमा शिक्षित जनशक्तिलाई आकर्षिक गर्न विशेष अनुदान प्याकेज कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । कृषि तथा पशु प्राविधिकहरु किसानले खोजेको बखत उपलब्ध हुने व्यवस्था मिलाईने छ । किसान सुचीकरण तथा अभिलेखिकरण कार्यक्रमलाई आगामी आ.व देखि कार्यान्वयनमा लगिनेछ ।

हाल कार्यान्वयनमा रहेको पकेट विकास कार्यक्रम, चक्लावन्दी खेती प्रणाली जस्ता उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न लागु गरिएका कार्यक्रममा विशेष जोड दिईनेछ । यसका लागी आवश्यक वजेटहरु विनियोजन गरेको छु ।

त्यसैगरी मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रमको वजेट कृषि तथा पशुपंक्षीको क्षेत्रमा विशेष खर्च गरिने व्यवस्था मिलाईनेछ ।

## महिला बालवालिका

२८. विश्वमा महिलाहरु जमिनमा गुड्ने देखी आकासमा उड्ने सम्म तथा घरायसी चुलोचौको देखी विश्व हाक्ने योद्धासम्म भईसके । नेपालका महिलाहरु पनि राष्ट्रपति, प्रधानन्यायधिष जस्ता राष्ट्रकै उच्च ओहदामा आसिन हुनुहुन्छ तथा कतिपय हुने क्रममा हुनुहुन्छ । यद्यपि केही प्रतिनिधि पात्रको उपस्थिति मात्र प्रयाप्त हुदोरहेनछ भन्ने दृष्टान्त हाम्रासामु यत्रतत्र छन । यसका लागी त सिंगो समाजको नै रुपान्तरण आवश्यक पर्ने विश्व अनुभवले देखाएको छ । हाम्रै नगरपालिकाद्धारा सञ्चालित महिला सेवाकेन्द्रमा आईपुग्ने हिंसापिडत महिलाहरुको तथ्यांक अध्ययन गर्दा पनि कहाली लाग्दो अवस्था छ । तसर्थ उक्त महिला सेवाकेन्द्रलाई हिंसापिडित आश्रय स्थालको रुपमा मात्र नभई पारिवारिक मिलन केन्द्र, मानसिक उपचार केन्द्र आदिको रुपमा विस्तार गर्न वर्दियाका सवै स्थानीय तहसँग समन्वय गरी आवश्यक प्रवन्ध मिलाईनेछ ।

२९. महिला तथा बालवालिकाको क्षेत्रमा विविध कार्यक्रमहरु कार्यान्वयन गर्न रु २० लाख तथा महिला सेवाकेन्द्र सञ्चालन गर्न रु १० लाख वजेट विनियोजन गरेकी छु ।

## सहकारी

३०. गुलरिया नगरपालिका मातहत रहेका सहकारीहरुको प्रभावकारी रुपमा अनुगमन गरी देखिएका कमि कम्जोरीहरु सुधारको लागी तालिम कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेकी छु ।

## आयुर्वेद

३१. आगामी आ.व देखी नागरिक आरोग्य सेवा कार्यक्रमलाई वडा तहमा समेत विस्तार गरी आयुर्वेद सेवा लिउँ स्वस्थ जिवन जिउँ, योग गरौं निरोग बनौं जस्ता नाराहरुको कार्यान्वयनमा विशेष जोड दिईनेछ । यसका लागी रु ३८ लाख वजेट विनियोजन गरेकी छु ।

**वडा तथा नगर :**

३२. संघीयताको मुल आधार नै स्थानीय तह हुन । जनताको सवैभन्दा नजिकको सरकार वडा कार्यालय मार्फत आम नागरिकले आवश्यक ठानेका योजना तथा कार्यक्रमहरु बजेटमा प्रतिविम्वित हुन सकुन भन्ने अभिप्रायले आगामी आ.व मा पनि प्रति वडा रु १ करोडका दरले जम्मा १२ करोड अर्थात कुल निशर्त वाँडफाँड योग्य वजेटको करिव ३३ प्रतिशत वजेट विनियोजन गरेकी छु ।

३३. चालु आ.व मा लुम्विनी प्रदेश सरकार र गुलरिया नगरपालिकाको समपुरक अनुदानमा सञ्चालित वडा नं. १ र ३ को सिमानामा कालोपत्रे सडक निर्माण कार्य आगामी आ.व को प्रथम चौमासिक अवधिमा सम्पन्न हुनेछ । यसका लागी रु २ करोड वजेट विनियोजन गरेकी छु ।

३४. चालु आ.वमा ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेका वडा नं. ५ वुद्धनगर टोल भित्री वाटो कालोपत्रे निर्माण र वडा नं. ९ गोडियनपुर देखी टेपरी जाने सडक कालोपत्रे निर्माण आगामी आ.व मा सम्पन्न गरिनेछ । यसका लागी १ करोड ३० लाख वजेट विनियोजन गरेकी छु ।

३५. सडक पुर्वाधार लाई अन्य सवै विकासका पुर्वाधारको ढोकाको रुपमा लिइन्छ । तसर्थ आगामी आ.व मा पनि नयाँ सडकको ट्र्याक खोल्ने, सडक ग्राभेल, सडक कालोपत्रे तथा पक्की नाली निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । यसका लागी आवश्यक वजेट विनियोजन गरेकी छु ।

३६. शिक्षक दरवन्दी मिलान कार्यलाई द्रुतरुपमा कार्यान्वयन गरी शिक्षक अपुग भएका विद्यालयमा आवश्यक नगर स्वयंम सेवक शिक्षक व्यवस्थापनको लागी आवश्यक वजेट विनियोजन गरेकी छु ।

३७. उच्च शिक्षामा छात्राको पहुँच अभिवृद्धि गर्न सामुदायिक विद्यालयवाट २०७८ सालको एस.ई.ई परिक्षा उतीर्ण सवै छात्राहरुलाई साईकल वितरण गरिनेछ । यसका लागी रु २५ लाख वजेट विनियोजन गरेकी छु ।

३८. असहाय बालवालिकाको उचित र प्रभावकारी व्यवस्थापन गर्नु स्थानीय तहको दायित्व हो । असहाय भएकै कारण बालबालिकाको लालनपालन, शिक्षा दिक्षामा असहज परिस्थितिको सृजना नहोस भन्ने अभिप्रायले आगामी आ.व देखी पाईलट प्रोजेक्टका रुपमा असहाय मासिक भत्ताको व्यवस्था गरिनेछ । यसका लागी रु ५ लाख वजेट विनियोजन गरेकी छु ।

३९. नेपालको संविधानले परिकल्पना गरेको स्थानीय अदालतको अवधारणालाई मुर्तरुप दिन आवश्यक व्यवस्था मिलाईनेछ । साथै न्याय दिएर मात्र हुँदैन पाएको अनुभुति गराउन सक्नुपर्दछ भन्ने कानुनको सर्वमान्य मान्यताको कार्यान्वयनको लागी न्यायिक समितिमा आम नागरिकको पँहुच अभिवृद्धि गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागी रु २० लाख वजेट विनियोजन गरेकी छु ।

४०. सामाजिक सुरक्षा वापत कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत खर्च हुनेगरी रु १६ करोड प्राप्त हुने अनुमान गरेकी छु । विगत आ.व देखी नै गुलरिया नगरपालिकाले बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आईरहेकोले यसलाई अझ सहज, सरल र प्रभावकारी तरिकावाट लक्षित वर्गले प्राप्त गर्ने वातावरण मिलाईनेछ ।

**आदरणीय सभाअध्यक्ष ज्यू,**

४१. बजेटमा उल्लेखित उद्देश्य पुरा गर्न तोकिएका प्राथमिकता र सिद्धान्तमा आधारित रही आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु ९४ करोड २४ लाख वजेट विनियोजन गरेकी छु ।

४२. आगामी आर्थिक वर्षमा सञ्चालन हुने कार्यक्रमका लागी खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु ३ करोड ५५ लाख, राजस्व वाँडफाँडवाट रु १४ करोड ३ लाख, वित्तिय समानीकरण अनुदानवाट रु १९ करोड ३६ लाख, सशर्त अनुदानवाट रु ३२ करोड ९१ लाख, समपुरक अनुदानवाट रु ४ करोड ८ लाख, विशेष अनुदानवाट रु ७० लाख, सडक वोर्ड अनुदानवाट ६० लाख, चालु आर्थिक वर्षको वचत रकमवाट रु ३ करोड र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट खर्च हुने १६ करोड अनुमान गरेकी छु ।

४३. प्रस्तुत वजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने आदरणीय नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, कार्यालयका शाखा प्रमुखहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

साथै बजेट तर्जुमा कार्यमा उपयोगी सल्लाह सुझाव र सहयोग गर्नुहुने राजनीतिक दल, निजि क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, राष्ट्रसेवक लगायत सम्पुर्ण गुलरियावासी आमा वुवा, दाजुभाई, दिदिवहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद**

अनुसुचीहरु

अनुसुची १

# आय र व्याय अनुमान विवरण

## कुल आम्दानी तर्फ

| सि.नं. | श्रोत विवरण | आ.व २०७८।२०७९ |
|---|---|---|
| १ | आन्तरिक आम्दानी | ३५,५००,०००।०० |
| २ | मालपोत रजिष्टेषन | १०,०००,०००।०० |
| ३ | राजस्व वांडफांड | |
| क | संघ | ११३,९३७,०००।०० |
| ख | प्रदेश | १६,४४८,७३६।०० |
| | जम्मा रा.वा | **१३०,३८५,७३६।००** |
| ४ | समानीकरण अनुदान | |
| क | संघ | १८४,८००,०००।०० |
| ख | प्रदेश | ८,८२४,०००।०० |
| | जम्मा | **१९३,६२४,०००।००** |
| ५ | समपुरक अनुदान | |
| क | संघ | २०,८००,०००।०० |
| ख | प्रदेश | २०,०००,०००।०० |
| | जम्मा | **४०,८००,०००।००** |
| ६ | विशेष अनदान | |
| क | संघ | ( |
| ख | प्रदेश | ७,०००,०००।०० |
| | जम्मा | **७,०००,०००।००** |
| ७ | सशर्त अनुदान | |
| | संघ | ३१७,६००,०००।०० |
| | प्रदेश | ११,५४४,०००।०० |
| | जम्मा | **३२९,१४४,०००।००** |
| ८ | नगद मौज्दात | ३०,०००,०००।०० |
| | कुल जम्मा | **७७६,४५३,७३६।००** |
| ९ | अन्य तर्फ | |
| क | सामाजिक सुरक्षा | १६०,०००,०००।०० |
| ख | सडक वोर्ड | ६,०००,०००।०० |
| | कुल जम्मा | **९४२,४५३,७३६।००** |

## व्याय तर्फ

| | व्याय विवरण | २०७८।२०७९ |
|---|---|---|
| क | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | |
| १ | नगर | ९५,५००,०००।०० |
| २ | वडा | १६,५००,०००।०० |
| | जम्मा | **११२,०००,०००।००** |
| ख | अन्य नियमित खर्च | २०७८।२०७९ |
| १ | मर्मत कोष | २,०००,०००।०० |
| २ | न्यायिक समिति | २,०००,०००।०० |
| ३ | लक्षित वर्ग | २,०००,०००।०० |
| ४ | सेवा केन्द्र सञ्चालन | १,०००,०००।०० |
| ५ | सडक वत्ती | ५००,०००।०० |
| ६ | खेलकुद | २,०००,०००।०० |
| ७ | विभिन्न दिवस सभा समारोह | ५००,०००।०० |
| ८ | विद्यालय पानी विजुली | १,०००,०००।०० |
| ९ | विभिन्न रोगहरूको उपचार | १,०००,०००।०० |
| | जम्मा | **१२,०००,०००।००** |
| ग | विषयगत शाखा | २०७८।२०७९ |
| १ | स्वास्थ्य | १०,३००,०००।०० |
| २ | शिक्षा | १२,५००,०००।०० |
| ३ | कृषि | ६,०००,०००।०० |
| ४ | पशु | २,५००,०००।०० |
| ५ | महिला शाखा | २,०००,०००।०० |
| ६ | सहकारी | ५००,०००।०० |
| ७ | आर्युवेद | ५००,०००।०० |
| | जम्मा | **३४,३००,०००।००** |
| घ | समपुरक कोष | **४५,०००,०००।००** |
| ङ | अधुरा योजना कार्यान्वयन | **२५,०००,०००।००** |
| च | वडास्तरीय योजना | **१२०,०००,०००।००** |
| छ | नगरस्तरीय योजना | **५१,२०९,७३६।००** |
| ज | सशर्त, समपुरक र विशेष तर्फका कार्यक्रम | **३७६,९४४,०००।००** |
| झ | सामाजिक सुरक्षा र सडक वोर्ड | **१६६,०००,०००।००** |
| | जम्मा व्याय | **९४२,४५३,७३६।००** |